

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, माघ १२ गते, २०६९ साल (अतिरिक्ताङ्क २१

भाग ३

नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालयको सूचना

निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०६९

निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आदेशको नाम "निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०६९" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ को दफा ६ मा संशोधन :**

निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ (यसपछि "मूल आदेश" भनिएको) को दफा ६ को ,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम खटिएको वा नियुक्त भएको कार्यकारी निर्देशकको कार्यसम्पादनको स्तर सन्तोषजनक रहेको देखिएमा नेपाल सरकारले पुनः अर्को एक अवधिको लागि निजलाई खटाउन वा नियुक्त गर्न सक्नेछ ।"

(२) उपदफा (६) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ :-

"तर, कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त र सुविधा नतोकिएसम्म नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।"

३. **मूल आदेशको दफा ९ मा संशोधन :** मूल आदेशको दफा ९ को उपदफा (२) को खण्ड (ङ) मा रहेका "विभिन्न व्यक्तिहरुबाट" भन्ने शब्दहरुको सट्टा "स्वदेशी संघ, संस्था वा व्यक्तिहरुबाट" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल आदेशको दफा १३ मा संशोधन :** मूल आदेशको दफा १३ मा रहेका "सदस्य-सचिव" भन्ने शब्दहरुको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल आदेशको दफा १८ मा संशोधन :** मूल आदेशको दफा १८ मा रहेका "क्षेत्रीय कार्यालय वा शाखा कार्यालय" भन्ने शब्दहरुको सट्टा "क्षेत्रीय, अञ्चल वा शाखा कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
दुर्गानिधि शर्मा
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।